# नवराजपुर गाउँपाालिकाको विनियोजन विधेयक, २०७९

**नवराजपुर गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सभाबाट स्वीकृत मिति: २०७९/०३/१०

**प्रस्तावना:** नवराजपुर गाउँपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नवराजपुर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम " नवराजपुर गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन २०७९ श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३७,३८,२१,०००। (अक्षरुपी सैंतीस करोड अड्तीस लाख एक्काईस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ। शसर्त अनुदान र सामाजिक सुरक्षा तथा सुरक्षण कार्यक्रमतर्फ बजेट थप भई आएमा सो रकम समेत सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त नवराजपुर गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

नवराजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नवराजपुर, सिरहा मधेश प्रदेश, नेपाल

CamScanner

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्वन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | जम्मा | कैफियत |
|---|---|---|---|---|
| राजस्व बाँडफाँडबाट प्राप्त रकम (सङ्घीय सरकार) | ६७४४५।०० | ०।०० | ६७४४५।०० | |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम (प्रदेश सरकार) | ०।०० | २६००।०० | २६००।०० | |
| समानिकरण अनुदान (सङ्घीय सरकार) | ५६२६।०० | ८५१७४।०० | ९०८००।०० | |
| समानिकरण अनुदान (प्रदेश सरकार) | ०।०० | ६१७६।०० | ६१७६।०० | |
| विशेष अनुदान (सङ्घीय सरकार) | १५०००।०० | १००००।०० | २५०००।०० | |
| विशेष अनुदान (प्रदेश सरकार) | ०।०० | ३०००।०० | ३०००।०० | |
| समपुरक अनुदान (सङ्घीय सरकार) | ०।०० | १००००।०० | १००००।०० | |
| समपुरक अनुदान (प्रदेश सरकार) | ०।०० | २०००।०० | २०००।०० | |
| सशर्त अनुदान (सङ्घीय सरकार) | ११४२००।०० | २१४००।०० | १३५६००।०० | |
| आन्तरीक आय | ३१२००।०० | ०।०० | ३१२००।०० | |
| **कुल जम्मा** | २३३४७१।०० | १४०३५०।०० | ३७३८२१।०० | |

# आ.व.२०७९/०८० को आय तथा व्ययको प्रक्षेपण

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| **अ.** | **राजस्व/आय** | | |
| क. | आन्तरीक श्रोत | | |
| | ११३१४ भुमिकर/मालपोत | ५,०००,०००।०० | |
| | ११३२२ बहाल बिटौरी कर | ९,५००,०००।०० | |
| | ११४५१ सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर ) | २००,०००।०० | |
| | ११६१३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९००,०००।०० | |
| | ११३१३ एकिकृत सम्पतीकर | १,५००,०००।०० | |
| | १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ७००,०००।०० | |
| | १४२४२ नक्शापास दस्तुर | ९००,०००।०० | |
| | १४२४३ सिफारीस दस्तुर | ३००,०००।०० | |
| | १४२४५ नाता प्रमाणित दस्तुर | ( | |
| | १४५२९ अन्य राजस्व | १,०००,०००।०० | |
| | जम्मा | २०,०००,०००।०० | |
| ख. | राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमः- | | |
| | ११४११ अन्य बाँडफाँड हुने राजस्व (राजस्व बाँडफाँड - संघिय सरकार) | ६७,४४५,०००।०० | |
| ग. | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | |
| १ | संघिय सरकार | | |
| | १३३११ समानीकरण अनुदान | ९०,८००,०००।०० | |
| | १३३१२ सशर्त अनुदान चालु | ११४,२००,०००।०० | |
| | १३३१३ सशर्त अनुदान पुंजीगत | २१,४००,०००।०० | |
| | १३३१७ समपुरक अनुदान पुंजीगत | १०,०००,०००।०० | |
| | १३३१४ विशेष अनुदान चालु | १५,०००,०००।०० | |
| | १३३१४ विशेष अनुदान पुंजीगत खर्च | १०,०००,०००।०० | |
| २ | प्रदेश सरकार | | |
| | १३३१६ समपुरक अनुदान | २,०००,०००।०० | |
| | १३३१४ विशेष अनुदान | ३,०००,०००।०० | |
| | १३३११ समानीकरण अनुदान | ६,१७६,०००।०० | |
| | ११४५६ राजस्व बाँडफाँड | २,६००,०००।०० | |
| घ. | गत विगत आ.व. को अल्या मौज्दात | ११,२००,०००।०० | |
| | कुल आय | ३७३,८२१,०००।०० | |
| **आ.** | **व्यय** | | |
| क. | चालु खर्च | २३३,४७१,०००।०० | |
| ख. | पुंजीगत खर्च | १४०,३५०,०००।०० | |
| | कुल व्यय | ३७३,८२१,०००।०० | |

नवराजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नवराजपुर, सिरहा मधेश प्रदेश, नेपाल



CS CamScanner